# प्रेस विज्ञप्ती

मिति: २०७५/०५/३१

**इटहरी उपमहानगरपालिकाको ३० औं कार्यपालिकाको बैठक भदौ ३१ गते उपमहानगर प्रमुख द्वारिकलाल चौधरीको अध्यक्षतामा बस्यो । बैठकले गरेका नियर्णहरु सार्वजनिक गर्न यो प्रेस विज्ञप्ती जारी गरिएको छ ।**

इटहरी उपमहानगरमा रहेका खोलाहरुको अधिकार क्षेत्र तोक्नका लागि वडा नम्वर १४ का अध्यक्ष रमेश चौधरीको अध्यक्षतामा समिति गठन गरिएको छ । तीन महिना भित्रमा प्रतिवेदन वुझाउने गरि गठित समितिका सदस्यहरुमा वडा नम्वर १७ का वडाध्यक्ष भगवानलाल शाह,वडा नं १० का वडाध्यक्ष प्रकाश चौधरी र वडा नम्वर ५ का वडाध्यक्ष कल्याणराज कार्की हुनुहुन्छ । यसैगरी कार्यपालिका सदस्य इन्दिरा राई,भूगोलका विज्ञहरु उमानाथ रिजाल,सूर्य राई,सुकदल लिम्वू,यादव पराजुली सदस्य रहनुभएको छ । समितिको सदस्य सचिवमा इटहरी उपमहानगर वातावरण शाखा प्रमुख पुष्पनारायण चौधरी रहनुभएको छ । समितिमा इटहरी उपमहानगरका एक जना अमिन र जल उत्पन्न प्रकोप कार्यालयका प्रतिनिधि समेत रहने छन ।वैठकले धरानलाइनको आइतवारे जाने वाटो देखि नेपाल टेलिकम सम्म रात्री वजार संचालन गर्ने निर्णय गरेको छ । उपमेयर लक्ष्मी गौतमको संयोजकत्वमा गठित समितिको सिफारिसका आधारमा सो निर्णय गरिएको हो । यसैगरी इटहरीचौकमा चाडै शौचालय निर्माण गरिने निर्णय भएको छ । चैत मसान्त सम्ममा इटहरी उपमहानगरलाई वालमैत्री नगर घोषणा गर्ने कार्यविधि आचार संहिता पारित गरिएको छ । सडक अधिकार क्षेत्र खाली गराउने कार्य उत्साहजनक ढंगले अघि वढेको वैठकले निष्कर्ष निकालेको छ ।

इटहरी उपमहानगरको सूचना र प्रविधिलाई सम्वन्धि कार्यलाई थप व्यवस्थित र डिजिटल वनाउदै लैजान प्रत्येक वडामा सूचना प्रविधि सहायक नियुक्त गर्ने निर्णय पारित गरेको छ । वैठकले कर्मचारी दरबन्दी तथा संगठन संरचना स्वीकृत गरेको छ । विपन्न मातृ शिशु पोषण कार्यक्रम संचालन निर्देशिका, २०७५ स्वीकृत गरिएको छ । कार्यपालिका वैठकले इटहरी उपमहानगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्वन्धी नियमावली, २०७५ स्वीकृत गरेको छ । यसैगरी आर्थिक सहायता बितरण सम्बन्धी सामान्य मापदण्ड, २०७५ स्वीकृत गरेको छ । गोष्ठि, सेमिनार तथा तालिम जस्ता कार्यक्रमहरु संचालन गर्दा पालना गनुपर्ने खर्चको नर्म्स (Norms) स्वीकृत गरिएको छ । विपद् व्यवस्थापन सम्वन्धी निर्णयहरुको अनुमोदन गरिएको छ ।उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन सम्बन्धि कार्यबिधि, २०७५ स्वीकृत गरिएको छ । वैठकले कार्यपालिका सदस्य गायत्री चौधरीकी ममतामयी माता गालो चौधरीको असामयिक निधन प्रति शोक प्रस्ताव पारित गरेको छ ।

यसगरि संविधान दिवस भव्यताका साथ मनाउन प्रमुख द्वारिकलाल चौधरीको संयोजकत्वमा मुल आयोजक समिति निर्माण गरिएको छ । असोज २, ३ र ४ को विभिन्न कार्यकम गरि संविधान दिवस मनाइने छ । सो कममा कम्तिमा सय विद्यालय सय चौक सरसफाई गरिने छ । असोज ४ गते भदौ १ देखि लागु भएको मुलुकी ऐन संहिताका वारेमा कार्यपालिका सदस्यहरु र मेलमिलाप समिति संयोजकहरुलाई तालिम प्रदान गरिने छ ।

............

द्वारिकलाल चौधरी
प्रमुख
इटहरी उपमहानगरपालिका